बैठक मिति- २०७६/११/२१

बैठक संख्या १९

छलफल तथा निर्णय

१. सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय योजना आयोगका अध्यक्ष श्री केपी शर्मा ओलीज्यूको आज मिति २०७६।११।२१ गते त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल महाराजगंजमा हुने दोस्रो पटकको मृगौला प्रत्यारोपण सफलता पूर्वक सम्पन्न भई शीघ्र स्वास्थ्य लाँभको कामना गरियो ।

२. विभिन्न मन्त्रालयबाट प्राप्त भएका बहुवर्षिय ठेक्का सहमती सम्बन्धमा आयोगका पूर्वाधार क्षेत्र हेर्ने माननीय सदस्य ई. सुशील भट्टज्यूको संयोजकत्वमा अर्थमन्त्रालयका सचिव, सम्बन्धित मन्त्रालयका सचिव, आयोगका सबै सह-सचिवहरु सदस्य र पूर्वाधार तथा उत्पादन महाशाखाका सहसचिव सदस्य सचिव रहेको कार्यदल गठन गरियो ।उक्त कार्यदलले आयोगका सदस्यज्यूहरुसंग समेत छलफल गरी गरिने सिफारिसको आधारमा २०७६ फागुन मसान्त सम्ममा आवश्यक निर्णय गर्ने ।

३. आयोजना बैंकको विषयगत मार्गदर्शनहरु (Sectoral Guidelines) को गुणस्तर सुनिश्चित (Quality Assurance) गर्न तथा राष्ट्रिय आयोजना बैंक व्यवस्थापन सुचना प्रणाली (NPBMIS) लाई मार्गदर्शनले निर्देशित गरेको विधि अनुरुप स्तरोन्नति गर्ने लगायतका कार्यहरुको लागि एकजना दक्ष विज्ञ नियुक्त गर्ने सम्बन्धमा सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।

४. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत संचालित रेल, मेट्रो रेल तथा मोनोरेल विकास आयोजनाको बहुबर्षिय ठेक्का पूर्व स्वीकृत सम्वन्धमा स्वीकृत मापदण्ड बमोजिम सम्पूर्ण प्रक्रियाहरु पुरा गरी MTEF मा समावेश गरी आगामी आ.व. २०७७/७८ को बजेट सिलिंग भित्र रही बजेट/कार्यक्रममा प्रस्ताव पेश गरी बहुबर्षिय ठेक्का व्यवस्थापन कार्य अगाडी बढाउन सहमती प्रदान गर्ने ।

५. आयोगको मिति २०७६/१०/२७ को बैठकको निर्णयानुसार स्वीकृत आगामी तीन आर्थिक वर्ष (आ.व. २०७७/७८ समेत) को बजेट सीमा तथा मध्यमकालीन खर्च संरचनाको खाका सम्बन्धमा विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसको संक्रमणका कारण अर्थतन्त्रमा पर्नसक्ने नकारात्मक प्रभाव र यसबाट आगामी वर्षको स्रोत तथा खर्चमा पर्नसक्ने चापलाई मध्यनजर गरी अर्थ-विविध शीर्षक अन्तर्गत निर्धारण गरिएको खर्च सीमामा प्रदेश तथा स्थानीय तहलाई प्रदान गरिने समपूरक तथा विशेष अनुदान रकम आगामी तीन वर्षका लागि प्रत्येक वर्ष रू.बीस अर्ब कायम गर्ने र फरक परेको रकम स्रोत तथा खर्च सीमाभित्र रही अर्थ-विविध (भैपरि आउने - विकास कार्यक्रम) शीर्षकमा समावेश गर्ने ।

६. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६।११।१२ को निर्णय अनुसार आयोगका सदस्य सचिव श्री लक्ष्मण अर्याल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सरुवा हुनु भएकोले यस अवधिमा आयोगको कार्यमा उहाँले पुर्याउनु भएको योगदान तथा सहकार्यको लागि धन्यवाद दिँदै आगामी कार्यकालको लागि बधाई र उत्तरोत्तर प्रगतिको कामना गरियो ।

७ सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष प्रस्तुत आर्थिक वर्ष २०७६/७७ को आयोगको वार्षिक कार्यान्वयन कार्य योजनाको हाल सम्मको प्रगति समिक्षा गरी बाँकी कार्य कार्ययोजना अनुसार सम्पन्न गर्ने बारे छलफल गरियो ।

८ आर्थिक व्यवस्थापन महाशाखाबाट प्रस्तुत आगामी आर्थिक वर्ष २०७७।७८ को बजेट छलफल कार्यतालिका तथा बजेट छलफल कार्यविधि, २०७६ सम्बन्धमा छलफल गरियो ।